# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: 2078

मिति : २०८२/०२/२९

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८२/०३/०४ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : विहानको ११:०० बजे

.........................
(उज्वल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२/०३/०४ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सम्बन्धी छलफल ।

३. विविध विषयका सम्बन्धमा ।

ज्वल बहादुर बस्नेत
प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८२/०३/०४ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा** ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |
| १६ | | श्री बुद्धिप्रसाद बुढेदी | लेखा अधिकृत |
| १७ | | श्री मिलन धौन | सूचना प्रविधि अधिकृत |

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०३/०४ गतेको आ.व. २०८१/०८२ को तेह्रौं बैठकका निर्णयहरु :

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०३/०४ गतेको आ.व. २०८१/०८२ को तेह्रौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम उपर छलफल भई अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । साथै वडा कार्यालय तथा शाखाहरुबाट प्राप्त वार्षिक बजेट तथा कार्यक्रम उपर छलफल भई केहि संशोधन सहित अनुमोदनका लागि गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिकाको आर्थिक विधेयक, २०८२ उपर छलफल भई केहि परिमार्जन सहित अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको ठेक्का नं. BRM/NCB/GOODS-०२/२०८१/०८२ Construction of Purano Naram Jarebhanjyang Road को लागत अनुमान तयार गर्ने क्रममा अनुमान गरिएको भन्दा जमिनको भित्री भू बनोट फरक किसिमको भेटिएकोले साधारण किसिमको चट्टान र ब्रेकरको प्रयोग गरी फुटाउनु पर्ने कडा चट्टानको परिमाण थप गर्नु परेको, लागत अनुमानको रकमको अधिनमा रही काम गर्न वास्तविक फिल्डको आधारमा नरम किसिमको माटोको परिमाण घटाइएकोले भेरिएसन आदेश (VO) स्वीकृत गर्ने निर्णय गरियो ।
- जिल्ला खेलकुद विकास समिति, नवलपुर, गण्डकी प्रदेशको प.सं. २०८१/०८२ च.नं. १२७ मिति २०८१/१०/१० गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । मिति २०८१/१०/१९ गतेदेखि संचालन भएको १७ औं जिल्ला स्तरीय राष्ट्रपति-रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी भए वापत दर्ता शुल्क रु. २५,०००/- (पच्चिस हजार रुपैया मात्र) "अन्य संघ संस्था सहायता" शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०३/०४ गतेको आ.व. २०८१/०८२ को तेह्रौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाकामा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता नवीकरणको लागि गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिले पेश गरेको आ.व. २०८१/०८२ को प्रतिवेदन उपर छलफल भई गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।
- नेपाल स्वयंसेवी रक्तदाता समाज, मध्यविन्दु-६, नवलपरासी (ब.सु.पू.) को मिति २०८२/०२/३१ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । विश्व रक्तदाता कार्यक्रमको लागि रु. ५,०००/- (पाँच हजार रुपैया मात्र) "अन्य संघ संस्था सहायता" शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।
- नेपाल मगर संघ, बौदीकाली, नवलपरासी (ब.सु.पू.) लाई बौदीकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।
- अवैध रुपमा खयर कटान सम्बन्धी मौखिक जनगुनासो प्राप्त आएकोले जिल्ला प्रहरी कार्यालय र जिल्ला वन कार्यालय, कावासोतीलाई रुख कटान रोक्न पत्र लेखी पठाउने निर्णय गरियो ।
- आ.व. २०८१/०८२ को हिउँदे सभाबाट विनियोजित शैक्षिक विकास कार्यक्रम अन्तर्गत अतिरिक्त कक्षाको भत्ता शिर्षकबाट डेढगाउँ माध्यमिक विद्यालय, बौदीकाली-२, डेढगाउँमा प्राविधिकधार तर्फ कक्षा ११-१२ का विज्ञान विषयका २ जना शिक्षकलाई अधिकतम १०० दिन बराबरको पारिश्रमिक गण्डकी प्रदेशको खर्च मापदण्ड, २०७९ को दफा ४ (ग) (आ) बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।
- नेपाल विकास अनुसन्धान कन्सल्टेन्ट प्रा.लि., नागार्जुन, काठमाडौंको प्राविधिक सहयोगमा निर्माण भएको बौदीकाली गाउँपालिकाको स्थानीय परिवेशमा आधारित स्थानीय पाठ्यक्रम हाम्रो बौदीकाली, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको स्थानीय रोजगार रणनीति योजना अध्यावधिक, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।
- जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (ब.सु.पु.) को प.सं. २०८१/०८२ च.नं. ३६२ मिति २०८२/०३/०१ गतेको प्राप्त पत्र अनुसार अन्तर पालिका बैठकको निर्णय कार्यान्वयनका लागि छलफल गरियो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद समन्वय शाखाको प.सं. ०८१/०८२ च.नं. १९३ मिति २०८२/०२/१६ गतेको प्राप्त पत्र अनुसार पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना लागू गरी सो को जानकारी मन्त्रलयलाई गराउने र स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रलाई सक्रिय बनाउने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०३/०४ गतेको आ.व. २०८१/०८२ को तेह्रौं बैठकका निर्णयहरु :

- पोखरा नवलपुर सम्पर्क समाज, पोखराको प.सं. २०८१/०८२ च.नं. १२७ मिति २०८२/०२/३० गतेको प्राप्त पत्र अनुसार २०८२ सालको वार्षिक क्यालेन्डरमा बौदीकाली गाउँपालिकाबाट शुभकामना विज्ञापन प्रकाशन गरे वापत रु. १५,०००(पन्ध्र हजार रुपैया मात्र) **"अन्य संघ संस्था सहायता"** शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका वडा नं. २, डेढगाउँको प.सं. ०८१/०८२ च.नं. १३७३ मिति २०८२/०३/०१ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा बौदीकाली गाउँपालिका वडा नं. २ निवासी रामेश्वर बोहराको छोरा अर्जुन बोहरा र कुल बहादुर थापा क्षेत्रीको छोरा हेम बहादुर थापाको संयुक्त माग निवेदन अनुसार रामेश्वर बोहराको नाममा नापनक्सा दर्ता प्रमाणपुर्जा भएको जग्गाधनी लालपुर्जाको कित्ता नं. २८९६, ४१०४ र हेम बहादुर थापाको नाममा नापनक्सा दर्ता प्रमाणपुर्जा भएको जग्गाधनी लालपुर्जाको कित्ता नं. २८२०, २८२२ र २८२३ गरी ५ वटा कित्तामा भएको जग्गाजमिनबाट कृषि कार्य गर्ने प्रयोजनका लागि आपसी सहमति/समझदारी अनुसार कृषि ग्रामिण सडक खोल्न अनुमति प्रदान गर्ने निर्णय गरियो । साथै कृषि ग्रामिण सडक कायम गरी नियमानुसार बोहरा आयल स्टेशन खोल्नका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner